*PRESS STATEMENT*

UNITED NATIONS HUMAN RIGHTS OFFICE OF THE HIGH COMMISSIONER

**मैना सुनुवार मुद्दाका सम्बन्धमा अदालतको आदेश लागू गराउन तथा**
**दण्डहीनताको अन्त्य गर्ने प्रतिबद्धतालाई अगाडि बढाउन सरकारलाई उच्चायुक्तको कार्यालयको आग्रह**

*फागुन ४, काठमाडौँ–*

*काठमाडौँ* – पन्ध्र वर्षीया मैना सुनुवारलाई यातना दिई हत्या गरियो भनेको सात वर्ष पुगेको अवसरमा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल)की प्रमुख ज्योति साङ्घेराले नेपाली सेनाका आरोपित चारजना कर्मचारीविरुद्ध काभ्रे जिल्ला अदालतले २०६४ माघ १७ गते दिएको आदेश कार्यान्वयन गराउन सरकारसँग आग्रह गर्नुभएको छ।

जेनेभामा हालै सम्पन्न नेपालको विश्वव्यापी आवधिक समीक्षाको क्रममा "द्वन्द्वको क्रममा वा द्वन्द्वपछि भएका गम्भीर मानवअधिकार उल्लङ्घनका लागि जिम्मेवार ठानिएकाहरूका सम्बन्धमा न्यायपालिकाद्वारा भएका सबै निर्णयहरू सम्बन्धित सबै संस्थाहरू, विशेषगरी सेना तथा नेपाल प्रहरी, द्वारा पूर्ण रूपमा सम्मान गरिने छ" भन्ने कुरा सुनिश्चित गर्न गरिएको सिफारिसलाई सरकारले स्वीकार गरेको कुरा उच्चायुक्तको कार्यालय उल्लेख गर्दछ। यस महत्वपूर्ण प्रतिबद्धतालाई पालना गर्न सरकारका निम्ति यो उपयुक्त समय हो।

मैना सुनुवारलाई पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको मैदानमा २०६० फागुन ५ गते यातना दिई हत्या गरिएको थियो भनिन्छ। सन् २००७ सेप्टेम्बरमा सर्वोच्च अदालतले उक्त घटनाको अनुसन्धान गर्न आदेश दियो र २०६४ माघ १७ गते गते काभ्रे जिल्ला अदालतमा फौजदारी अभियोग दर्ता गरिएपछि नेपाली सेनाका आरोपित चारजना कर्मचारीविरुद्ध पक्राउ पुर्जी जारी गरियो। तीनवर्षपछि पनि यी पक्राउ पुर्जीको कार्यान्वयन भएको छैन। नेपाली सेनाले २०६६ भदौ २८ गते काभ्रे जिल्ला अदालतले साक्षी बयान झिकाउन दिएको आदेशको पालना गरे पनि मेजर निरञ्जन बस्नेतलाई निलम्बन गर्न अदालतले दिएको आदेश कार्यान्वयन गर्न यो विफल भएको छ।

> "मैना सुनुवारको मुद्दामा विगत पाँच वर्षदेखि न्यायका लागि आह्वान गर्ने थुप्रै आवाजहरूमध्ये उच्चायुक्तको कार्यालय पनि एक हो। सर्वोच्च अदालत तथा काभ्रे जिल्ला अदालतले आदेश जारी गरेका छन् र महान्यायाधिवक्ताको कार्यालयले अभियोग दर्ता गरेको छ तर न्याय अझै प्राप्त हुन सकेको छैन," उच्चायुक्तको कार्यालय-नेपालकी प्रमुख ज्योति साङ्घेराले भन्नुभयो। "अदालतका आदेशहरूको पालना गरी न्यायपालिकाको स्वतन्त्रता तथा कानुनी शासनको रक्षा गर्नु लोकतन्त्रको अत्यावश्यक सिद्धान्त हो। अदालतका आदेशहरूलाई निरन्तर बेवास्ता गर्नाले नेपालमा दण्डहीनताले निरन्तरता पाउनुका साथै यसले नेकपा (माओवादी)का कार्यकर्ता आरोपित पीडकहरू भएको लगायत मानवअधिकारसम्बन्धी सबै मुद्दाका सम्बन्धमा नकारात्मक नजिर खडा गर्दछ।"

Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937

Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937